*सशस्त्र द्वन्द्वमा विद्यालय र विश्वविद्यालयहरूलाई सैनिक प्रयोगबाट संरक्षण गर्न बनेको निर्देशिका*

सशस्त्र द्वन्द्वका पक्षहरूलाई आफ्ना कुनै पनि सैनिक उपक्रमलाई सहयोग गर्ने उद्देश्यले विद्यालय र विश्वविद्यालयहरूको प्रयोग नगर्न आग्रह गरिन्छ। केही निश्चित प्रकारका प्रयोगहरू सशस्त्र द्वन्द्वको कानूनको खिलाफ नहुन सक्छन् भन्ने कुरा स्वीकार गरिए तापनि विद्यार्थीको सुरक्षा र पढाइमा प्रतिकूल असर नपरोस् भनेर सुनिश्चित गर्नउत्तरदायी अभ्यासका लागि *निर्देशिका*लाई आधार मानेर सबै पक्षहरूले प्रयत्न गर्नुपर्छ।

***बँदा* १:** सशस्त्र द्वन्द्वमा युद्धरत कुनै पनि पक्षले सञ्चालनमा रहेका विद्यालय र विश्वविद्यालयलाई कुनै पनि सैनिक उपक्रमका लागि प्रयोग गर्नु हुँदैन।

(क) यस सिद्धान्तले नियमित कक्षापछि बन्द रहेका, साप्ताहिक वा अन्य विदामा रहेका वा लामो छुट्टीका लागि अस्थायीरूपमा बन्द रहेका विद्यालयहरूलाई पनि समेट्छ।

(ख) सशस्त्र द्वन्द्वमा युद्धरत कुनै पनि पक्षले सैनिक प्रयत्नलाई सघाउने हिसाबले विद्यालय वा विश्वविद्यालय खाली गराउन शिक्षा प्रशासकहरूलाई बलजफ्ती गर्नु वा प्रलोभन दिनु हुँदैन।

***बँदा* २:** सशस्त्र द्वन्द्वका कारण सिर्जना भएका जोखिमहरूका कारण बन्द भएका वा खालि गराइएका विद्यालय र विश्वविद्यालयहरूलाई पनि अन्य व्यावहारिक उपाय नै नभएर विकल्पहीन अवस्थामा पुगेका बेला बाहेक, सशस्त्र द्वन्द्वमा युद्धरत कुनै पनि पक्षले आफ्ना सैनिक उपक्रममा प्रयोग गर्नु हुँदैन,र यस्तो अवस्थामा पनि उस्तै किसिमको सैन्य फाइदा लिन सक्ने गरी अर्को व्यावहारिक उपाय पत्ता नलाग्दासम्म प्रयोग गर्न मात्र क्षम्य हुन्छ। विद्यालय र विश्वविद्यालयका भवनहरू तुलनात्मक रूपमा अलि सुविधाजनक ठाउँमा रहेका, र अलि सजिला भए तापनि अन्य भवनहरूलाई नै उत्तम विकल्प मानेर पर्छ र प्रयोग गर्नुपर्छ । स्कुलको विकल्पमा अन्तर्राष्ट्रिय मानवीय कानून अन्तर्गत संरक्षण गरिएका भवनहरू (उदाहरणका लागि अस्पताल) प्रयोग हुनु भने हुँदैन र सशस्त्र द्वन्द्वमा युद्धरत पक्षहरूले गैरसैनिक वस्तुहरूलाई आक्रमणबाट जोगाउन सम्भव भएसम्मका सबै प्रयास गर्नुपर्छ।

(क) यस्ता बन्द भएका वा खालि गराइएका विद्यालय वा विश्वविद्यालयको सैन्य प्रयोग आवश्यक परेअनुसार न्यूनतम समयका लागि मात्र गर्नुपर्नेछ।

(ख) सशस्त्र द्वन्द्वको डरले बन्द भएका वा खालि गराइएका विद्यालय वा विश्वविद्यालयलाई सशस्त्र द्वन्द्वमा युद्धरत पक्षहरूले आफ्ना सैनिक उपक्रमहरूलाई सघाउका लागि प्रयोगमा ल्याएका छन् भने उनीहरू हट्नासाथ सम्भव भएसम्म चाँडो शैक्षिक निकायहरूले नियमित पठनपाठन सञ्चालन गर्न सक्ने गरी उपलब्ध गराउनुपर्छ। तर त्यस्तो अवस्थामा विद्यार्थी र कमर्चारीहरूलाई कुनै असुरक्षा नहोस् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ।

(ग) युद्धरत पक्षहरूको बहिर्गमनसँगै सैनिकीकरण वा सैनिक प्रयोगका सबै अवशेष र चिह्नहरू पूर्णरूपमा हटाइनुपर्छ; संस्थाको भौतिक पूर्वाधारमा क्षति भएका सबै कुरालाई यथासम्भव चाँडो मरम्मत गरेर जस्ताको तस्तै पार्ने सबै प्रयास गरिनुपर्छ। विशेष गरी सबै हातहतियार, गोलाबारुद तथा नपड्किएका विष्फोटक पदार्थहरू अथवा युद्धका अवशेषहरू त्यहाँबाट हटाइनुपर्छ।

***बँदा* ३** सशस्त्र द्वन्द्वका पक्षहरूले विपक्षीले भविष्यमा पनि प्रयोग गर्न नसकून् भन्ने नियत राखेर विद्यालय र विश्वविद्यालयहरूलाई कहिल्यै पनि ध्वस्त पार्नु हुँदैन। सञ्चालनमा रहेका, एक दिनको बिदा वा धेरै

दिनको छुट्टीमा रहेका, बन्द वा खाली गराइएका, सबै विद्यालय र विश्वविद्यालयहरू सामान्यतया गैरसैनिक संरचना हुन्।

***बँदा* ४** सशस्त्र द्वन्द्वमा युद्धरत कुनै पनि पक्षले आफ्ना सैनिक उपक्रमको सघाउका लागि विद्यालय वा विश्वविद्यालय प्रयोग गरेका कारण परिस्थिति हेरी यी स्थलहरू अर्को पक्षले आक्रमण गर्न सक्ने सैनिक लक्ष्य बन्न सक्छन्। यस्तै अवस्थामा पनि सशस्त्र द्वन्द्वका पक्षहरूले परिस्थितिले नदिएको बेलामा बाहेक त्यहाँ आक्रमण गर्नु अघि शत्रुलाई अग्रीम चेतावनी दिने लगायत सम्भव भएसम्मका अरू सबै विकल्पहरूको प्रयोग गर्नुपर्छ।

(क) सैन्य प्रयोगमा रहेका कुनै विद्यालयमा आक्रमण गर्नुअघि सशस्त्र द्वन्द्वका पक्षहरूले बालबालिकाहरू विशेष आदरपूर्ण व्यवहार र संरक्षणका हकदार हुन् भन्ने कुरामा विचार पुर्याउनुपर्छ। यसका अतिरिक्त विद्यालयमा पुगेको क्षतिका कारण समुदायको शिक्षाको पहुँचमा पर्नसक्ने दीर्घकालीन नकारात्मक असरमा पनि विशेष ध्यान दिनुपर्छ।

(ख) युद्धरत पक्षहरूमध्ये एउटाले आफ्नो सैनिक उपक्रममा सघाउका लागि विद्यालय र विश्वविद्यालयहरू प्रयोग गरेको छ भन्दैमा त्यसैलाई कारण देखाएर अर्को पक्षले तिनै विद्यालय र विश्वविद्यालयलाई नियन्त्रणमा लिएर आफ्नो सैनिक उपक्रमलाई सघाउने गरी प्रयोग गर्न मिल्दैन। यस्ता संरचनाहरूबाट सम्भव भएसम्म चाँडै सैनिकीकरण वा सैनिक प्रयोगका सबै अवशेष र चिह्नहरू हटाएर शैक्षिक उद्देश्यका लागि गैरसैनिक निकायलाई फिर्ता दिनुपर्छ।

***बँदा* ५** अरू कुनै विकल्पबाट आधारभूत सुरक्षा उपलब्ध हुन नसकेका अवस्थामा बाहेक सशस्त्र द्वन्द्वका कुनै पनि पक्षका फौजलाई विद्यालय वा विश्वविद्यालयको सुरक्षाकार्यका लागि नियुक्त गर्नु हुँदैन। विद्यालय वा विश्वविद्यालयको सुरक्षाकार्यका लागि सम्भव भएसम्म प्रशिक्षित गैरसैनिक व्यक्तिलाई नियुक्त गर्नु पर्दछ। आवश्यक परेमा बालबालिका, विद्यार्थी र कर्मचारीलाई सुरक्षित स्थलतर्फ लैजाने कुराका बारेमा पनि विचार पुर्याउनुपर्छ।

(क) यदि कुनै विद्यालय वा विश्वविद्यालयको सुरक्षामा सशस्त्र द्वन्द्वमासामेल लडाँकू/फौजको संलग्नता छ भने उक्त स्थलको गैरसैनिक हैसियतमा असर नपरोस् र शैक्षिक वातावरणमा व्यवधान नहोस् भन्ने उद्देश्यले, कसैगरी संभव छ भने, मैदान र भवनमा उनीहरूको उपस्थिति नदेखियोस् भन्नेमा सचेत हुनुपर्छ।

***बँदा* ६:** सशस्त्र द्वन्द्वका सबै पक्षहरूले सम्भव र उपयुक्त भएसम्म आदेशको श्रृङ्खला (चेन अफ कमान्ड) भरि उपयुक्त व्यवहारलाई प्रोत्साहन गर्ने उद्देश्यले यो *निर्देशिका*लाई आफ्ना सिद्धान्त, सैनिक म्यानुअल, संलग्नताका नियमहरू, कार्यसञ्चालन आदेश तथा प्रचारप्रसारका अन्य माध्यमहरूमा पनि समावेश गर्नुपर्छ। सशस्त्र द्वन्द्वका पक्षहरूले यो कुराको कार्यान्वयनका लागि सबभन्दा उपयुक्त विधि अपनाउनुपर्छ।